रावा बेसी गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

हरमटार, कुभिण्डे, खोटाङ

कोशी, प्रदेश

# रावा बेसीगाउँपालिका

# आर्थिक ऐन,

# २०८३

रावा बेसी गाउँपालिका

**प्रस्तावनाः**

रावा बेसी गाउँपालिकाको अर्थ व्यवस्थालाई मजबुद पारी भविष्यमा दिगो आर्थिक विकास गर्नका निमित्त सम्पति कर, स्थानीय कर, शुल्क,दस्तुर र जरिवानासमेतसंकलन गर्न, छुट दिन तथा अन्य आय सङ्कलनको प्रशासनिकव्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२८ को उपधारा (२) र धारा २३० बमोजिम रावा बेसी गाउँ सभाले यो ऐन बनाएको छ।

१. **संक्षिप्तनामरप्रारम्भः** यस ऐनको नाम "रावा बेसी गाउँपालिकाको आर्थिक ऐन, २०८३" रहेको छ।यो ऐन २०८३।०४।०१ गतेदेखि रावा बेसी गाउँपालिका क्षेत्र भित्र लागू हुनेछ।

२. **सम्पति करः**रावा बेसी गाउँपालिका क्षेत्रभित्र अनुसूची(१) बमोजिम घरजग्गा कर सम्पत्ति करलगाइ असूल उपर गरिनेछ।

३. **घर र जग्गा वा लिखत रजिष्ट्रेशनशुल्कः** यस गाउँपालिका क्षेत्रभित्रका घर जग्गा वा अन्य सम्पत्ति वा कुनै प्रकारको लिखत रजिष्ट्रेशन पारित गर्दा नेपाल सरकारले तोके बमोजिम रजिष्ट्रेशन शुल्क लगाई असूल उपर गरिनेछ।

४. **व्यवसाय/उद्योग करः**रावा बेसी गाउँपालिका क्षेत्रभित्रदर्ता वा ईजाजत प्राप्त गरी स्थापना भएका उद्योग, कुनै व्यापार, व्यवसाय वा सेवा र यस्तै प्रकारका जुनसुकै कारोबार गर्ने वा निकायलाई व्यवसायको प्रकृति,आर्थिक कारोवार, स्थान विशेष र लगानीका आधारमा अनुसूची(३) बमोजिम व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ।

क) रावा बेसी गा.पा. भित्र पसल गर्दा दर्ता अनिवार्य गर्नु पर्नेछ।

ख) प्यानमा दर्ता भएका संस्था पनि पालिकामा दर्ता गर्नु पर्नेछ ।

५. **विशेष परामर्श तथा व्यवसायी सेवा दस्तुरः** गाउँपालिका भित्र संचालन गरिने सेवामूलक व्यवसाय दर्ता तथा नवीकरण अनुसूची (४) बमोजिम लिईने छ।

६. अर्ध प्रशोधित माल वा खेर गईरहेको माल वा अन्य सामानको प्रयोग र प्रशोधन गरी मालसामान उत्पादन गर्ने व्यवसाय जस्तो, खेर गईरहेको प्लाष्टिकबाट सामान निर्माण गर्ने र फोहोरबाट मल निर्माण गर्ने व्यवसायको हकमा व्यवसायको लगानी हेरी रु ५०० देखि रु ५००० सम्म लिन सकिनेछ ।

७. **पर्यटन शुल्कः**यस गाउँपालिकाले आफ्नो क्षेत्रभित्र प्रवेश गर्ने पर्यटकहरुवाट पर्यटन शुल्क अध्ययन गरी लागु गरिने छ।

८. **होटल व्यवसाय शुल्कः** रावा बेसी गाउँ पालिका भित्र अनुसूची (५) बमोजिम दर्ता/नबिकरण शुल्क बुझाए पछि संचालन गर्न पाईने छ ।

९. **अन्य सेवा शुल्क, दस्तुरः**यस गाउँपालिकामा निर्माण, सञ्चालन वा ब्यवस्थापन गरेका उल्लेखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट अनुसूची (६) मा ब्यवस्था भए अनुसार ब्यबसायमा दस्तुरहरु लगाइने र असूल उपर गरिनेछ

१०. **उद्योग दर्ता तथा नवीकरण दस्तुरः**यस गाउँपालिकामा निर्माण, सञ्चालन वा ब्यवस्थापन गरेका चक उद्योग, दाना उद्योग, फिनेल उद्योग, निर उद्योग, औषधी उद्योग, उन्पादनमुलक उद्योग को डिपो, सौर्य उर्जा उत्पाद, मिश्री उत्पाद, चकलेट उद्योग, पापड चिप्स उद्योग, पाउरोटी उद्योग, बरफ उत्पादन, झुल तथा पर्दा उद्योग,



रावा बेसी गाउँपालिका

धान, गहुं चिउरा मसाला तेल कुटानी पिसानी पेलानी उद्योग, घरेल कपडा बनाउने उद्योग, डेरी उत्पादन, चिनी उद्योग, डोरी डब्बा, वाल्टीन आदी बनाउने उद्योग, निर्माण उद्योग, खनिज उद्योग, सेलर तथा उर्जा मुलक उद्योग चिया उद्योग संचालनका लागी अनुसूची (७) बमोजिम दस्तुर लगाइने र असूल उपर गरिनेछ ।

११. **दैनिक हटिया करः**अनुसूची (८) बमोजिम लगाईने छ ।

१२. **विज्ञापन करः-** यस गाउँपालिकामा निर्माण, सञ्चालन वा व्यवस्थापन गरेका अनुसूची(९) मा उल्लेखित विज्ञापनकर्ता वाट सोही अनुसूचीमा ब्यवस्था भए अनुसार शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१३. **वन पैदावरजन्य उत्पादन, जडिबुटी, कवाडी र जीवजन्तु तथा गिट्टीढुङ्गा बालुवारमाटो करः**यस रावा बेसी गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति, संस्था वा निकायले खोटो, जडिबुटी, वनपैदावर जन्य उत्पादन, गिट्टीढुङ्गा बालुवारमाटो, वनकस, कवाडी माल,ऊनर अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, खुर,प्वाँख, छाला, दारा-दात र अखेटोपहार जस्ता वस्तुको ब्यवसायिक कारोवार गरेवापत अनुसूची (१०) बमोजिमको कर लगाइने र असूल उपर गरिनेछ।तर प्रचलित कानूनले निषेध गरीएकाको हकमा भने उल्लेखित ब्यवस्था लागू हुने छैन।

१४. **भौतिक सुविधा करः**यस गाउँपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा अनुसूची(११) बमोजिम सवारी साधन कर तथा तोकिएको स्थानमा सवारी पार्किङ्ग शुल्क वा कर लगाइने र असुल उपर गरिनेछ।

१५. **मनोरञ्जन करः** यस गाउँपालिकाक्षेत्रभित्र हुने मनोरन्जन व्यवसाय सेवामा अनुसूची(१२) बमोजिम व्यवसाय कर लगाइने र असुल उपर गरिनेछ ।

१६. **पशु निकासीशुल्कः** यस पालिकामा ल्याईने तथा बाहिर निकासी का लागी गरिने पशु निकासी शुल्क अनुसूची (१३) बमोजिम लिइने छ ।

१७. **सामान्य सिफारिस दस्तुरः** यस पालिका भित्र दैनिक हुने अनुसूची (१४) बमोजिमका सिफारिसहरु सोहि अनुसूचीमा तोकिए बमोजिम लिईने छ।

१८. **सम्पत्ति मुल्याङ्कन शुल्कः**यस पालिकामा व्यक्तिगत रुपमा गरिने अचल सम्पत्ति मुल्याङ्कन, आय श्रोत प्रमाणित तथा अन्य मुल्याङ्कन अनुसूची(१५) बमोजिम असुलउपर गरिने छ ।

१९. **ठेक्कापट्टा सिफारिस दस्तुरः** यस पालिकामा (घ) वर्गको ठेक्कापट्टा अनुमती दिईने छ । सो का लागी अनुसूची (१६) बमोजिम दस्तुर लाग्ने छ ।

२०. **घर नक्सा पास सम्बन्धि सेवा शुल्कः** रावा बेसी गाउँपालिका भित्र बन्ने घरहरुका लागी नक्सापास सम्बन्धी अनुसूची (१७) बमोजिम दस्तुर लाग्ने छ ।

२१. **घरवहालकरः**घर बहाल कर अनुसूची (१७) बमोजिम हुनेछ।

२२. **बहाल बिटौरी शुल्कः**यस गाउँपालिका क्षेत्रभित्र आफुले निर्माण, रेखदेख वा सञ्चालन गरेका वा सार्वजनिक, ऐलानी, पर्ती वा पाटीपौवामा हाटबजार वा पसल वा विशेष मेला पर्व जात्रामा संभाब्यता अध्ययन गरी प्रतिवेदन सिफारिस बमोजिम बहाल बिटौरी शुल्क लगाइने र असूल उपर गरिनेछ।

२३. **पार्किङ शुल्कः**सम्भाव्यता अध्ययन गरी दर निर्धारण गरी लागू गर्ने ।

२४. **पालिका बाट उपलब्ध सेवाहरु ल्याब सम्बन्धी महसुल/ब्याक हो लोडर/ट्याक्टर** महसुलः ल्याब सम्बन्धी अर्को व्यवस्था तथा नियम नबने सम्म रावा बेसी गा पा हरमटारमा संचालनमा रहेको ५ सैयाको अस्पतालमा अनुसूची (१८) बमोजिमका सेवा दर कायम गरी सुविधा दिईने छ ।

२५. **जरिवानाः** यस गाउँ पालिका क्षेत्रभित्र निषेध गरीएका सार्वजनिक सडक फुटपाथमा ब्यापार ब्यवसाय गर्ने सवारी साधन पार्किङ्ग गर्ने वा जथाभावी फोहरमैला गरी वातावरण प्रदुषित गर्ने तथा प्रचलित कानून बिपरितका कुनै पनि कार्य गरे गराएमा अनुसूचि (१८) बमोजिम जरिवाना असूल गरिनेछ।

२६. **ट्राभलरट्रेकिङ्ग, कोयोकिड, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर,होमस्टे र्‍याफ्टीङ्ग शुल्कः** यस गाउँपालिकाले आफ्नो क्षेत्रभित्र ट्रभलरट्रेकिङ्ग, कायोकिड, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर,होमस्टे र र्‍योफ्टीङ्गसेवा वा ब्यवसाय सञ्चालन गरेवापत शुल्क अध्ययन गरी लागु गरिने छ।

२७. **कर छुटः** यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति, संस्था वा निकायहरुलाई कुनै पनि किसिमको कर छुट दिईने छैन।

२८. **नियम वा कार्यविधि बनाउन सक्नेः**यस गाउँपालिकाले यो ऐनमा भएको व्यवस्थाहरुलाई प्रभावकारीकार्यान्वयन गर्नका लागि आवश्यक नियम तथा कार्यविधिहरु निर्माण गरी लागू गर्न सक्ने छ।

२९. **विविधः**यस ऐनमा उल्लेख नभएको विषय रक्षेत्रको सन्दर्भमा गाउँकार्यपालिकाको बैठकले निर्णय गरेर दर निर्धारण गरिने छ ।

३०. **बाँझिएको हदमाः**संविधान बमोजिम संघ तथा प्रदेश कानून स्वीकृत भई सो कानूनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ। यस ऐनसँग बाझिएमा बाझिएको हदसम्म स्वतः खारेज हुनेछ।

**नोटःसंकलित राजश्व रकम, बैंक दाखिला पालिकाको हकमा सात दिन भित्र तथा वडा कार्यालयको हकमा ३० दिन भित्र अनिवार्य रुपमा गर्नुपर्नेछ। अन्यथा १०% जरिवाना शुल्क बुझाउनुपर्नेछ।**

रावा बेसी गाउँपालिका

## अनुसूची(१)

## सम्पति करः

(१) रावा बेसी गाउँपालिकाले देहाय बमोजिम घरको मुल्याङ्कन कायम गरिने छ ।

| क्र.सं. | शिर्षक | विवरण | राजस्व दर रु. |
|---|---|---|---|
| १ | | बजार क्षेत्रमा मुल सडक ले छोएको पक्कि घर | १०००। |
| २ | | बजार क्षेत्रमा मुल सडकले छोएको कच्ची घर | ५००। |
| ३ | | बजार क्षेत्रमा साखा सडकले छोएको पक्की घर | १०००। |
| ४ | | बजार क्षेत्रमा साखा सडकले छोएको कच्ची घर | ५००। |

## अनुसूची (२)

## भूमि कर (मालपोत)

| क्र.सं. | शिर्षक | जग्गाको किसिम | खेत (राजश्व प्रति रोपनी) | पाखो(राजश्व प्रति रोपनी) |
|---|---|---|---|---|
| १ | | अब्बल | रु.१२। | रु.१०। |
| २ | | दोयम | रु.१०। | रु.८। |
| ३ | | सिम | रु.८। | रु.६। |
| ४ | | चाहार | रु.६। | रु.४। |
| | | **घडेरी (प्रति रोपनीमा)** | | |
| ५ | | मुल सडकले छोएको | | ३०। |
| ६ | | शाखा सडकले छोएको | | २०। |
| ७ | | वडा सदरमुकाम वा कार्यलय वजार क्षेत्र | | ६०। |

**नोटः**

१.भुमिकर लगाएको जग्गामा मालपोत रकम लागाईने छैन ।

२. घर कर लगाएको जग्गामा मालपोत कर लगाईने छैन ।

३. भुमिकर लगाएको जग्गामा बनेको घरको पनि घर कर लाग्नेछ ।

४. सम्पत्ति कर, सम्भाव्यता अध्ययन मार्फत आधार तयार गरी लागूगरिने छ ।

५. मालपोत तथा भुमिकर विलम्ब शुल्क ५० प्रतिशत(प्रतिवर्ष) लाग्नेछ ।

६. खेतीयोग्य जमिन बाँझो राखिएको पाईएमा स्थलगत अनुगमनको आधारमा थप ५०% जरिवाना लिईनेछ।

रावा बेसी गाउँपालिका

# अनुसूची ३

## व्यवसाय करः

१. प्यानमा दर्ता भएका व्यवसायीहरुका लागी पालिकामा दर्ता शुल्कमा ४०% छुट दिईने छ ।

पुँजीको आधारमा

## १. व्यापारिक वस्तुहरु

क) चुरोट तथा रक्सी जन्य पदार्थ, हार्डवेयर र ज्वेलर्स संग सम्बन्धित वस्तुहरुको व्यापार व्यावसाय (मदिरा र कोल्ड ड्रिक्स सहितको किराना पसल समेत)

| क्र.सं. | विवरण (पूँजी) | दर्ता शुल्क | नवीकरण शुल्क | कैफियत |
|---|---|---|---|---|
| १ | १ लाख सम्म | ५००। | २००। | |
| २ | १ लाख देखि ५ लाख सम्म | १०००। | ३००। | |
| ३ | ५ लाख देखि १५ लाख सम्म | १५००। | ५००। | |
| ४ | १५ लाख देखि १ करोडसम्म | ५०००। | १०००। | |
| ५ | १ करोड देखि ५ करोडसम्म | १००००। | २५००। | |
| ६ | ५ करोड देखि माथि | २००००। | ५०००। | |

ख) क्यामेरा, टेलिभिजन, चस्मा लगायतका विद्युतीय सामाग्री (सिडि प्लेयर, कम्प्युटर सामाग्री समेतका व्यवसायहरु) तथा ग्यासचल्हो सेल्स, डाईनामाईट, गाडीको पम्प, ट्युबटायर पंचर, वल्डिडगर्ने, साईकल मर्मत गर्ने, लुगा सिउने मेशीन तथा अन्य।

| क्र.सं. | विवरण | दर्ता शुल्क | नवीकरण शुल्क | कैफियत |
|---|---|---|---|---|
| १. | ५ लाख सम्म | ७००। | २००। | |
| २. | ५ लाख देखि २० लाख सम्म | २०००। | ५००। | |
| ३. | २० लाख देखि १ करोडसम्म | ३०००। | १०००। | |
| ४. | १ करोड देखि ५ करोडसम्म | ५०००। | २०००। | |
| ५. | ५ करोड देखि माथि | ८०००। | ३०००। | |

ग) ट्याक्टर विक्री, कार जीप, अटोमोबाईल, मोटरपार्टस, मोटरसाईकल,मेशिनरी जडान/मर्मत आदि ।

| क्र.सं. | विवरण | दर्ता शुल्क | नवीकरण शुल्क | कैफियत |
|---|---|---|---|---|
| १. | १ लाख सम्म | १०००। | ३००। | |
| २. | १ लाख देखि ५ लाख सम्म | २०००। | ६००। | |
| ३. | ५ लाख देखि १० लाख सम्म | ३०००। | ९००। | |
| ४. | १० लाख देखि २० लाख सम्म | ३५००। | १०००। | |
| ५. | २० लाख देखि करोड सम्म | ४५००। | १५००। | |
| ६. | १ करोड भन्दा माथि | १००००। | ३०००। | |

घ) किताब, कापी तथा स्टेशनरीसँग सम्बन्धित व्यवसाय

| क्र.सं. | विवरण | दर्ता शुल्क | नवीकरण शुल्क | कैफियत |
|---|---|---|---|---|
| १. | ५० हजार सम्म | ३००। | १००। | |
| २. | ५० हजार देखि १ लाख सम्म | ५००। | २००। | |
| ३. | १ लाख देखि ५ लाख सम्म | १०००। | ३००। | |
| ४. | ५ लाख देखि २० लाख सम्म | २५००। | ७००। | |
| ५. | २० खाल देखि २५ लाख सम्म | ४०००। | १०००। | |
| ६. | २५ लाख देखि माथि | ५०००। | १५००। | |

ङ) कृषिसँग सम्बन्धित व्यवसायको हकमा (कृषि फर्म, गाई, बाख्रा, सुगुर पालन व्यवसाय आदि तथा कृषि सामग्री औजार, मल, विऊ दाना, चोकर, पशुंपक्षि आहारा)

| क्र.सं. | विवरण | दर्ता शुल्क | नवीकरण शुल्क | सुचिकृत |
|---|---|---|---|---|
| १. | १ लाख सम्म | ५००। | ३००। | १००।- |
| २. | १ लाख देखि ३ लाख सम्म | ७००। | ३५०। | |
| ३. | ३ लाख देखि ५ लाख सम्म | १०००। | ४००। | |
| ४. | ५ लाख देखि २० लाख सम्म | २०००। | ७००। | |
| ५. | २० लाख देखि माथि | ५०००। | १०००। | |

च) शिसा, फ्रेमिङ, कार्पेट, सजावटका सामान र जनरल गुड्सहरु आदि ।

| क्र.सं. | विवरण | दर्ता शुल्क | नवीकरण शुल्क | कैफियत |
|---|---|---|---|---|
| १ | १ लाख सम्म | ५००। | २००। | |
| २ | १ लाख देखि ५ लाख सम्म | १०००। | ३००। | |
| ३ | ५ लाख देखि १० लाख सम्म | १५००। | ४००। | |
| ४ | १० लाख देखि २० लाख सम्म | २५००। | ७००। | |
| ५ | २० लाख देखि माथि | ५०००। | १५००। | |

रावा बेसी गाउँपालिका

छ) सुति कपडा, रेडिमेड कपडा आदि व्यवसाय

| क्र.सं. | विवरण | दर्ता शुल्क | नवीकरण शुल्क | कैफियत |
|---|---|---|---|---|
| १. | ३ लाख सम्म | ५००। | १५०। | |
| २. | ३ लाख देखि ५ लाख सम्म | १०००। | ३००। | |
| ३. | ५ लाख देखि १५ लाख सम्म | १५००। | ५००। | |
| ४. | १५ लाख देखि ३० लाख सम्म | २०००। | ७००। | |
| ५. | ३० लाख देखि १ करोड सम्म | ५०००। | १५००। | |
| ६. | १ करोड देखि ५ करोड सम्म | १००००। | ३०००। | |
| ७. | ५ करोड देखि माथि | १५०००। | ५०००। | |

ज) स्थानीय आमा समुह तथा कृषि समुह ।

| क्र.सं. | विवरण | दर्ता शुल्क | नवीकरण शुल्क | सूचिकृत |
|---|---|---|---|---|
| १. | कृषि समुह | ५००। | ३००। | १०० |
| २. | आमा समुह | ५००। | ३००। | |

## अनुसूची ४

## १. विशेष परामर्श तथा व्यवसायिक सेवा:

क) चिकित्सक, अहेव, कवीराज, होमियोपेथिक, आयुर्वेदिक, पशु डाक्टर, भेटरीनरी, सर्जीकल लागायत स्वस्थ्यसँग सम्बन्धित व्यवसायहरु ।

| क्र.सं. | विवरण | दर्ता शुल्क | नवीकरण शुल्क | कैफियत |
|---|---|---|---|---|
| १. | एम.डी. | २०००। | ७००। | |
| २. | एम.वि.वि.एसडक्टर, आर्युवेदिक डक्टर, पशु डक्टर | १०००। | ३००। | |
| ३. | पशु सहायक | ५००। | १५०। | |
| ४. | कविराज, होमियपेथि, आर्युवेदिक अहेव, होमियोप्याथी | १०००। | ३००। | |
| ५. | भेटनेरी पसल | २०००। | १०००। | |
| ६. | औषधिपसल खुद्रा | ३०००। | १०००। | |
| ७. | भिडियो एक्स-रे | २०००। | ७००। | |
| ८. | शारीरिक व्यायमका सामाग्री बिक्री | १५००। | ५००। | |
| ९. | अस्पताल | द्विपक्षिय छलफल तथा प्राविधिक प्रतिवेदन बमोजिम । | | |

रावा बेसी गाउँपालिका

ख)परामर्श सेवा, अनुसन्धान तथा परामर्शदाता, अनुवादक, छापाखाना, प्रेश, स्क्रिन प्रिन्टर्स आदि ।

| क्र.सं. | विवरण | दर्ता शुल्क | नवीकरण शुल्क | कैफियत |
|---|---|---|---|---|
| १. | ३ लाख सम्म | ५००। | १५०। | |
| २. | ३ लाख देखि ५ लाख सम्म | १०००। | ३००। | |
| ३. | ५ लाख देखि १५ लाख सम्म | १५००। | ५००। | |
| ४. | १५ लाख देखि २० लाख सम्म | २०००। | ७००। | |
| ५. | २० लाख देखि १ करोड सम्म | ३०००। | १०००। | |
| ६. | १ करोड देखि ५ करोड सम्म | ५०००। | १५००। | |
| ७. | ५ करोड देखि माथि | १००००। | ३०००। | |
| ८. | अन्य (टेलि चलचित्र ,वृत्तचित्र निर्माण ) | ५०००। | १५००। | |

ग)केवल नेटवर्क व्यवसाय

| क्र.सं. | विवरण | दर्ता शुल्क | नवीकरण शुल्क | कैफियत |
|---|---|---|---|---|
| १. | ५०० सम्म ग्राहक भएका | २०००। | ७००। | |
| २. | ५०० देखि १००० सम्म ग्राहक भएका | ५०००। | १५००। | |
| ३. | १०० भन्दा माथि ग्राहक भएका | प्रति ग्राहक रु १००। | प्रति ग्राहक रु ३०। | |

घ)कानुनी व्यवसायी

| क्र.सं. | विवरण | दर्ता शुल्क | नवीकरण शुल्क | कैफियत |
|---|---|---|---|---|
| १. | बरिष्ठ अधिवक्ता | २०००। | ७००। | |
| २. | अधिवक्ता | १०००। | ३००। | |
| ३. | अभिवक्ता | ७००। | २५०। | |
| ४. | लेखापढि | ५००। | १५०। | |

ङ)लेखापरीक्षक

| क्र.सं. | विवरण | सूचीकरण रकम | नवीकरण शुल्क | कैफियत |
|---|---|---|---|---|
| १. | श्रेणी क | २५००। | १०००। | |
| २. | श्रेणी ख | १५००। | ५००। | |
| ३. | श्रेणी ग | १०००। | ३००। | |
| ४. | श्रेणी घ | ५००। | २००। | |

रावा बेसी गाउँपालिका

च) अन्य सेवाहरु वा फर्मः

| क्र.सं. | विवरण | दर्ता शुल्क | नवीकरण शुल्क | कैफियत |
|---|---|---|---|---|
| १ | विमा एजेन्ट विदेशी | २०००। | ७००। | |
| २ | विमा एजेन्ट स्वदेशी | १५००। | ५००। | |
| ३ | विज्ञापन ऐजेन्सी | १०००। | ३००। | |
| ४ | शेयर कारोवार गर्ने व्यक्ति | २०००। | ७००। | |
| ५ | अभिकर्ता | २००। | ५०। | |
| ६ | कानुनी फर्म | १०००। | ३००। | |

छ) निर्माण व्यवसाय

| क्र.सं. | विवरण | दर्ताशुल्क | नवीकरण शुल्क | नामसारी/ठाउँसारी शुल्क |
|---|---|---|---|---|
| १ | श्रेणी क | | | २००००। |
| २ | श्रेणी ख | | | १५०००। |
| ३ | श्रेणी ग (भवन निर्माण कर्ता ठेकेदार समेत) | | | १००००। |
| ४ | श्रेणी घ ((भवन निर्माण कर्ता ठेकेदार समेत) | ५०००। | ३०००। | ३०००। |

ज) संचारसेवाएफ.एमसमेत

| क्र.सं. | विवरण | दर्ताशुल्क | नवीकरण शुल्क | कैफियत |
|---|---|---|---|---|
| १ | १ लाख सम्म | ५००। | १५०। | |
| २ | १ लाख देखि ५ लाख सम्म | १०००। | ३००। | |
| ३ | ५ लाख भन्दा माथि | २०००। | ७००। | |
| ४ | एफ.एम. रेडियो प्रसारण | २०००। | ७००। | |
| ५ | मोवाईल टावर ठूलो | १५०००। | | वार्षिक |
| ६ | मोबाईल टावर सानो | १००००। | | वार्षिक |

रावा बेसी गाउँपालिका

झ) वित्तीय सेवा

| क्र.सं. | विवरण | दर्ताशुल्क | नवीकरण शुल्क | कैफियत |
|---|---|---|---|---|
| १ | वाणिज्य बैंक प्रति शाखा कार्यालय | ७०००। | ३६००। | |
| १ | निजी क्षेत्रबाट संचालीत विदेशी विमा कम्पनी | १०,०००। | ३६००। | |
| २ | बिकास बैंकहरु | ७०००। | २०००। | |
| ३ | वित्तिय कम्पनीको मुख्य कार्यालय | ५०००। | १५००। | |
| ४ | विमा कम्पनी र मनि ट्रान्सफर | ३०००। | १०००। | |
| ५ | १ करोड सम्म कारोवार (वासलात) भएका सहकारी | १०००। | ३००। | |
| ६ | १ करोड भन्दा माथि ३ करोड सम्म | २०००। | ७००। | |
| ७ | ३ करोड देखि ५ करोड सम्म | ३०००। | १०००। | |
| ८ | ५ करोड देखि माथी भएका सहकारीहरु | ५०००। | १५००। | |

नोटः बचत तथा ऋणको कारोवार नगरी पूर्णतया कृषिमा आधारित सहकारीका हकमा वार्षिक शुल्क लिईने छैन । माथि उल्लेखित सहकारीहरुको सम्बन्धमा कुनै सिफारिस गर्नुपर्ने भएमा प्रति सिफारिस रु ५००। लाग्ने छ ।

ञ) सूचिकृत दस्तुरः

| क्र.सं. | विवरण | सूचिकृत दस्तुर | कैफियत |
|---|---|---|---|
| १ | फर्म तथा सप्लायर्स सूचिकृत दस्तुर रू. १ लाख भन्दा माथि | ५००। | |

रावा बेसी गाउँपालिका

## २. कुटानी पिसानी व्यवसायहरुको हकमा

| क्र.सं. | विवरण | दर्ताशुल्क | नवीकरण शुल्क | कैफियत |
|---|---|---|---|---|
| १. | कुटानी तथा पिसानी मात्र | २००। | ५०। | |
| २. | कुटानी तथा पिसानी पेलानी | ५००। | १५०। | |
| ३. | कुटानी तथा पिसानी, पेलानी चिउरा समेत | १०००। | ३००। | |
| ४. | कुटानी तथा पिसानी, पेलानी चिउरा, मसाला समेत | १५००। | ५००। | |
| ५. | कुटानी तथा पिसानी, पेलानी तथा बक्री समेत | २०००। | ७००। | |

## ३. नाफा रहित सेवा

| क्र.सं. | विवरण | दर्ताशुल्क | नवीकरण शुल्क | कैफियत |
|---|---|---|---|---|
| १ | भाषा सम्कृती तथा परम्परा संरक्षण सम्बन्धि संस्था | ५००। | ३००। | |
| २ | अन्य सेवा मुखि संस्था | ५००। | ३००। | |

## ४. उत्पादनमूलक उद्योग

क)अर्ध प्रशोधित माल, खेर गईरहेको माल वा अन्य सामानको प्रयोग र प्रशोधन गरी मालसामानउत्पादन गर्ने व्यवसाय जस्तो, खेर गईरहेको प्लाष्टिकबाट सामान निर्माण गर्ने र फोहोरबाट मल निर्माण गर्ने व्यवसायको हकमा व्यवसायको लगानी हेरी रु ५०० देखि रु ५००० सम्म लिन सकिनेछ ।

रावा बेसी गाउँपालिका

अनुसूची ५

## १. आवास लज, होटल, फास्टफुड रेस्टुरा, रिसोर्ट, ट्राभल्सएजेन्सी, स्वमीङ पुल, कन्फ्रेन्सहल, खुद्रा तथा होलसेल पसल आदि ।

| क्र.सं. | विवरण | दर्ताशुल्क | नवीकरण शुल्क | कैफियत |
|---|---|---|---|---|
| १ | सानो ग्रामिण स्तरको चिया पसल वा ५० हजार सम्म लगानी भएको होटल | ५००। | १५०। | |
| २ | ५० हजार देखि २ लाख सम्म | ७००। | २००। | |
| ३ | २ लाख देखि ५ लाख सम्म | १०००। | ३००। | |
| ४ | ५ लाख १ देखि २० लाख सम्म | २०००। | ७००। | |
| ५ | २० लाख भन्दा माथि | ३०००। | १०००। | |
| ६ | रिसोर्टहरुको हकमा | ६०००। | २०००। | |

## २. तालिम तथा प्रशिक्षण केन्द्रहरु

| क्र.सं. | विवरण | दर्ताशुल्क | नवीकरण शुल्क | कैफियत |
|---|---|---|---|---|
| १ | तालिम तथा अनुसन्धान, कम्प्युटर टाईपिङ लगायत फोटोकपि समेत संचालन भई काम गर्नेहरुको हकमा, कम्प्युटर तथा भाषा प्रशिक्षण, निजी क्षेत्रबाट दिईने शिक्षा सेवा तथा कोचिङ सेन्टर आदि | १०००। | ३००। | |

रावा बेसी गाउँपालिका

# अनुसूची ६

## अन्यसेवा

१. तपसिल सँग सम्बन्धित व्यवसाय/पेशा सञ्चलनका लागी देहाय बमोजिम शुल्क रहेको छ ।

| क.सं. | विवरण | दर्ता शुल्क | नवीकरण शुल्क | कैफियत |
|---|---|---|---|---|
| १. | वैदेशिक रोजगारीमा पठाउने संस्था, हाउजिङ कम्पनी | ५०००। | १५००। | |
| २. | उद्योग, संघसंस्था आदिमा स्वदेशको लागि जनशक्ति सप्लाई गर्ने | २०००। | ७०। | |
| ३. | कलर ल्याव | १०००। | ३००। | |
| ४. | घरजग्गा खरिद विक्री, रियल स्टेट | ५०००। | १५००। | |
| ५. | विज्ञापन सेवा, फोटो स्टुडियो | १०००। | ३००। | |
| ६. | व्युटि पार्लर, केश श्रृंगार, साइनवोर्ड, पेन्टिङ, सैलुन नर्सरी | १०००। | ३००। | |
| ७. | मासु (खसी, कुखुरा, रागा, बंगुर आदि) खुद्रा बिक्रेता | १०००। | ३००। | |
| ८. | मासु (खसी, कुखुरा, रागा, बंगुर आदि) थोक बिक्रेता | १५००। | ५००। | |
| ९. | पंचेबाजा | निशुल्क | | |
| १०. | ब्रास वैण्डबाजा | १०००। | ३००। | |
| ११. | सित भण्डार | २०००। | ७००। | |
| १२. | टेण्ट हाउस | १०००। | ३००। | |
| १३. | हाफ क्याटरिङ | २०००। | ७००। | |
| १४. | साइवर क्याफे | २०००। | ७००। | |
| १५. | एग्रोभेट | १०००। | ३००। | |
| १६. | कवाडी पसल थोक | ७०००। | २५००। | |
| १७. | कवाडी पसल खुद्रा | ५०००। | १२००। | |
| १८. | ढुवानी सेवा शाखा भएका कुरियर केरियर | ३०००। | १५००। | |
| १९. | ढुवानी सेवा शाखा नभएको कुरियर केरियर | २०००। | ७००। | |
| २०. | खाना मात्र विक्री होटल | १०००। | ३००। | |
| २१. | एक मेसिन राखी कपडा सिलाई गर्ने रु ५००। थप १ मेसिन बरावर रु १००थप १ मेसिन बरावर रु ५० | | | |
| २२. | पेट्रोलियम पदार्थ बेच्ने पम्पन्युनतम रु ५००० प्रति मेशन थप रु ३००० | | १५००। | |
| २३. | ग्यास बिक्री डिलर | २०००। | ७००। | |
| २४. | काँटा | १०००। | ३००। | |
| २५. | भाडा वर्तन, जुत्ताचप्पल, कस्मेटिक, मनिहारी, हेल्थ केयर, कृत्रिम गहना खुद्रा विक्रेता | १०००। | ३००। | |
| २६. | भाडा वर्तन, जुत्ताचप्पल, कस्मेटिक, मनिहारी, हेल्थ केयर, कृतिम गहना थोक विक्रेता | २०००। | ७००। | |
| २७. | डिपार्टमेन्टल स्टोर रेष्टुरां बेकरी सहितको | ५०००। | १५००। | |
| २८. | डिपार्टमेन्टल स्टोर | १००००। | ३०००। | |

| | | | | |
|---|---|---|---|---|
| २९. | पर्यटन शुल्कः व्यवसायिक प्रयोजनका लागि गाउँपालिका सरहद भित्र प्रवेश गर्ने प्रति व्यक्ति शुल्क रु | ७०००। | २०००। | |
| ३०. | घुमन्ते व्यापारी शल्क | ५००। | २००। | |

२. परीक्षा दस्तुरः

| क्र.सं. | तह/श्रेणी | दर रू. | कैफियत |
|---|---|---|---|
| | श्रेणिविहिन | ३००। | |
| | चौथो तह/ प्राथमिक तह | ५००। | |
| | पाँचौ तह/ नि.मा. तह | ७००। | |
| | अधिकृत स्तर/ माध्यमिक तह | १२००। | |

३. शिक्षा क्षेत्रको आम्दानीः

| क्र.सं. | विवरण | दर रू. | कैफियत |
|---|---|---|---|
| | विद्यालय सञ्चालन/ कक्षा वृद्दि दस्तुर | ३०००। | |
| | मार्कशिटको प्रतिलिपी | ५००। | |

## अनुसूची ७

### क )उद्योग

| क्र.सं. | विवरण | दर्ता शुल्क | नवीकरण शुल्क | कैफियत |
|---|---|---|---|---|
| १. | ५ लाख सम्मको लागि | २०००। | ७००। | |
| २. | ५ लाख १ देखि २० लाख सम्म | २५००। | ८००। | |
| ३. | २० लाख १ देखि १ करोड सम्म | ३५००। | ११००। | |
| ४. | १ करोड १ देखि ५ करोड सम्म | ५०००। | १५००। | |
| ५. | ५ करोड देखि माथि | १००००। | ३०००। | |

### ख) ग्रिल उद्योग

| क्र.सं. | विवरण | दर्ता शुल्क | नवीकरण शुल्क | कैफियत |
|---|---|---|---|---|
| १ | १ लाख देखि २ लाख सम्मको लागि | ५००। | १५०। | |
| २ | २ लाख १ देखि ३ लाख सम्मको | १०००। | ३००। | |
| ३ | ३ लाख १ देखि ५ लाख सम्मको | २०००। | ७००। | |
| ४ | ५ लाख १ देखि १० लाख सम्म | ३०००। | १०००। | |
| | १० लाख १ देखि २० लाख सम्म | ५,०००। | १५००। | |
| | २० लाख १ देखि माथि | १००००। | ३०००। | |

उल्लेखित व्यवसायको हकमा अन्य निकायलाई गरिने सिफारिस वापतको दस्तुर थप लाग्नेछ ।

### ग) उल्लेख नभएका अन्य उद्योगहरु

| क्र.सं. | विवरण | दर्ता शुल्क | नवीकरण शुल्क | कैफियत |
|---|---|---|---|---|
| १. | ट्युवलाईट उद्योग, ब्याट्रीउद्योग, प्लाष्टीकका | २०००। | ७००। | |

| | | | | |
|---|---|---|---|---|
| | सामानहरु उत्पादन गर्ने उद्योग, बिडि बनाउने प्याक्ट्री, साबुन उत्पादन गर्ने उद्योग आदि | | | |
| २. | वियर/वाईन प्याक्ट्री, मदिरा उत्पादन उद्योग आदि | २०००। | ६००। | |

**नोटः**

१)माथि उल्लेखित किसिम, उपभोक्ता शिर्षकमा नपरेको व्यवसाय र उद्योग दर्ता हुन आएमा व्यवसाय र उद्योगको किसिम हेरी माथिको कर दरमा नघट्नेगरी वार्षिक कर लिई व्यवसाय प्रमाणपत्र दिईनेछ ।

२)गाउँपालिकामा दर्ता भई संचालनमा आएका फर्म, पसल, उद्योगआदि लाई बन्द गर्नुपर्दा आवश्यकता अनुसार निरीक्षण गरी विगत वर्षको लाग्ने दस्तुर र जरिवाना समेत असुल गरी व्यवसाय बन्द सिफारिस दिईनेछ । र सोको विवरण छुट्टै फायलमा खडा गरी अध्यावधिक गरी राखिने छ ।

३)व्यवसायिक फर्म नामसारी गर्दा तीन पुस्तेभित्र रु २५० र सो भन्दा बाहिर नामसारी गर्दा रु ५०० राजश्वलिई नामसारी गरिनेछ ।

४)गाउँपालिकालाई आवश्यक परेमा (व्यावसायको किसिम निर्धारण गर्ने सन्दर्भमा) निजको व्यवसायको कारोबारको आन्तरिक राजस्व कार्यालय वा अन्त शुल्क कार्यालयबाट कारोबार प्रमाणित विवरण माग गर्न सकिने छ साथै गाउँपालिकाले तोकेको कर्मचारीबाट निरीक्षण गरी निरीक्षण प्रतिवेदनको आधारमा कर तय गरिनेछ ।

५) यस कार्यालयलाई बुझाउनु, तिर्नु पर्ने कर, शुल्क र भाडा आदि जस्ता राजश्व बुझाउन बाँकी रहेमा गा.पा.बाट प्रदान गरिने सिफारिस लगायतका कुनै पनि सेवा प्रवाहबाट वञ्चित गर्न सकिनेछ ।

६)अन्य बाँकी करहरुका हकमा ऐन तथा नियमावलीमा तोकिएको परिधिभित्र रहितोके बमोजिम हुनेछ जुन सामान्यतया कारोबारको स्तर हेरी जरिवाना तोकिएको छ ।

रावा बेसी गाउँपालिका

# अनुसूची ८
## दैनिक हटिया (व्यवसाय कर)

| क्र.सं. | विषय/ शिर्षक | विवरण | शुल्क |
|---|---|---|---|
| १ | माछा, मासु बिक्री सम्बन्धि | खसी, बोका काटी मासु बिक्री गर्ने पसलमा प्रति गोटा | ५०। |
| | | सुगुर बंगुर काटी मासु बिक्री गर्ने पसलमा प्रति गोटा | ५०। |
| | | रांगा काटी मासु बिक्री गर्ने पसलमा प्रति गोटा | ५०। |
| | | कुखुरा काटी मासु बिक्री गर्ने पसल | ३०। |
| | | माछा विक्री गर्ने पसल | ३०। |
| २ | कपडा तथा जुत्ता चप्पलआदि सँग सम्बन्धित पसल | रेडिमेड सामान राखी बिक्री गर्ने पसल | ५०। |
| | | थान कपडा विक्री गर्ने पसल | ५०। |
| | | जुत्ता चप्पल बिक्री पसलमा सानो | ५०। |
| | | जुत्ता चप्पल बिक्री पसलमा खुद्रा | २०। |
| | | जुत्ता चप्पल सिलाई गर्ने मोचि | २०। |
| ३ | तरकारी तथा फलफुल सम्बन्धि | फलफुल, नास्ता डोका,ठेलामा राखी बिक्री गर्ने पसल | १०। |
| | | साग सब्जी डोका वा डालामा राखी बिक्री गर्ने | १०। |
| | | सिजन अनुसारको सागसब्जी आलुबिक्री गर्ने | १०। |
| | | सिजन अनुसारको सागसब्जी आलु पसल सानो | १०। |
| | | फलफुल सागसब्जी पसल अन्यमा | १०। |
| | | फलफुल सागसब्जी प्रति पसल | १०। |
| | | फलफुल सागसब्जी बोरा/खुद्रा पसल | १०। |
| | | अदुवा, लसुन, खुर्सानी, कुचो नांग्लो बेच्नेसँग | १०। |
| ४ | खुद्रा तथा किराना व्यापार | चटपटे तथा बरफ | १०। |
| | | चिया पसल | १०। |
| | | माछा, मासु, तरकारी पकाई बिक्री गर्ने पसलमा | १०। |
| | | मिठाई पसलमा | २०। |
| | | चामल दाल बिक्री गर्ने पसल | २०। |
| | | बीउ बिजन बिक्री गर्ने पसल | १०। |
| | | चकटी आदि बेच्नेसंग | १०। |
| | | मकै पोली बेच्नेसंग | १०। |
| | | जडीबुटी बिक्री गर्नेसंग | १०। |
| | | किराना पसल | १०। |
| | | अन्य छुटपुट पसलमा रु १ देखि रु १० सम्म पसल हेरी | १०। |
| ५ | पशुपंक्षि जिउँदा बिक्रीसंग सम्बन्धित | राँगा/भैंसि प्रति गोटा | १००। |
| | | गाई/गोरु प्रति गोटा | २०। |
| | | खसी/बाखा प्रति गोटा | २०। |
| | | कुखुरा, हांस बिक्री गर्ने पसल प्रतिगोटा | १०। |
| ६ | परम्परागत सिपसँग सम्बन्धित | कपाल काटने सैलुन | १०। |

रावा बेसी गाउँपालिका

| | | | |
|---|---|---|---|
| | | जुत्ता चप्पल सिलाई गर्ने मोचि | १०। |
| | | माटोको भांडा बेच्ने पसल ठूलो | १०। |
| | | माटोको भांडा बेच्ने पसल सानो | १०। |
| | | कुचो, कुनिया, खोगी डोको नांङ्लो बेच्ने | १०। |
| ७ | अन्य व्यवसाय संग सम्बन्धित | खटियामा सामान राखी बिक्री गर्ने पसलमा प्रति गोटा | १०। |
| | | फालमका औजार तथा समान बिक्री गर्ने पसल | १०। |
| | | भाडाकुडा पसल | ५०। |
| | | फोटो फ्रेमिङ तथा बिक्री पसल | ३०। |
| | | लाइट, पेट्रोमेक्स, स्टोभ, छाता मर्मत पसल | २०। |
| | | प्रचार प्रसार गरी व्यावसाय गर्ने विज्ञापन सम्बन्धी पसल | २०। |
| | | चुरी, धागा, टीका आदि श्रृंगार तथा मनिहारी पसल ठूलो | १०। |
| | | चुरी, धागा, टीका आदि श्रृंगार तथा मनिहारी पसल सानो | १०। |
| | | मुरली, बासुरी, गुलेली, थैली, जुम्रँ, उडुस आदी मार्ने ओषधी बिक्री गर्ने | १०। |

खरितेप्रयोजनका लागी समेत माथीको दर लागु हुनेछ ।

उल्लेखित कर तथा दस्तुरका दररेटमा कुनै परिवर्तन गर्नुपरेमा गाउँपालिकाले गर्न सक्नेछ ।

**नोटः** माथि नपरेको व्यवसायको हकमा गाउँपालिकाले निर्णय गरी रु १ देखि १००० सम्म कर लिन सक्नेछ ।

## अनुसूची ९

## विज्ञापन करः

| क्र.सं. | विवरण | शुल्क(वार्षिक) |
|---|---|---|
| १ | होर्डिङ बोर्ड मुख्य रोड तथा बजारमा प्रति वर्गफिट | २०। |
| २ | सिनेमाका होर्डिङ बोर्ड, मुख्य रोड तथा वजारमा प्रति वर्गफिट | २०। |
| ३ | होर्डिङ बोर्ड शाखा रोडमा प्रति वर्गफिट | १०। |
| ४ | फ्ल्याक्स बोर्डमुख्य रोड तथा बजारमा प्रति वर्गफिट | २०। |
| ५ | फ्ल्याक्स बोर्ड शाखा रोडमा प्रति वर्गफिट नगर क्षेत्रभित्र | १०। |
| ६ | भित्तेलेखन तथा ब्यानर प्रति वर्गफिट नगर क्षेत्रभित्र | ५। |

**नोटः**पसल वालाले आफ्नो नाम सहितको पसल अगाडी राखेको वोर्डको विज्ञापन कर लाग्ने छैन ।

अनुसूची १०

## काष्ठजन्य वस्तुको बिक्री सिफारिस शुल्क दर

| क्र.सं. | विवरण | ईकाई | दर |
|---|---|---|---|
| १ | साल (गोलिया) | प्रति क्यू फिट | १५। |
| २ | साल (चिरान) | प्रति क्यू फिट | २०। |
| ३ | उत्तिस | प्रति क्यू फिट | ७। |
| ४ | चिलाउने | प्रति क्यू फिट | ७। |
| ५ | सल्लो | प्रति क्यू फिट | ७। |
| ६ | कुकाठ | प्रति क्यू फिट | ७। |
| ७ | खयर (गोलिया) | प्रति क्यू फिट | १५ |
| ८ | खयर (चिरान) | प्रति क्यू फिट | २०। |
| ९ | बाँस | प्रति ट्याक्टर | ५००। |
| १० | बाँस | प्रति ट्रक/ट्रिप्पर | १०००। |

वन उत्पादन र जडिबुटी, जीवजन्तु करसम्भाव्यता अध्ययन गरी दर निर्धारण गरी लागु गर्ने । नेपाल सरकारले प्रतिबन्ध गरेका काठ तथा वन्य जडिबुटीहरु ओसारपसार गर्न पाईने छैन ।

## कवाडीजन्य वस्तुको निकासी शुल्क

| क्र.सं. | विवरण | ईकाई | दर |
|---|---|---|---|
| १ | कवाडी सामान | प्रति के.जी. | २। |

रावा बेसी गाउँपालिका

# अनुसूची ११

## १. सवारी साधन करः

केन्द्र तथा प्रदेशमा दर्ता भएका सवारी साधन दर्ता तथा अनुमति लिएका सबै प्रकारका सवारी साधनहरू रावा बेसी गाउँपालिका क्षेत्रभित्र नियमित रुपमा सञ्चालन गर्दा गाउँपालिकामा अनिवार्य अभिलेखिकरण गरी सञ्चालनको अनुमति लिनुपर्ने छ। गाउँपालिकाबाट अनुमति लिएर सञ्चालन भएका सवारी साधनले निम्नानुसारको वार्षिक शुल्क बुझाउनु पर्नेछ।

| क्र.सं. | शिर्षक | विवरण | दर्ता शुल्क दस्तुर(वार्षिक) |
|---|---|---|---|
| १. | सवारी साधन कर | हेवी ट्रक, टिप्पर लगायतका हेब्वी सवारी साधन | २०००। |
| | | डोजर | १००००। |
| | | ट्याक्टर | ५००। |
| | | भाडाका कार जिप टाटा सुमो | १०००। |
| | | जे सि बी | ५०००। |
| | | बस | २०००। |
| | | स्कुटर मोटरसाईकल,लगायतका २ पाङ्ग्रे सवारीसाधन | ५००। |
| २. | विशेष सवारी कर( ओहोर दोहोरको) सडक मर्मतको लागी | हेबी ट्रक ,टिप्पर,टेक्टर,स्काईभेटर | २००। |
| | | घुमन्ते ब्यापारि सवारी साधन | ५००। |

नोटः गाउँपालिकामा दर्ता नभएका कुनै पनि सवारी साधनको दुर्घटना, बिमा वा अन्य किसिमको सिफारिस लिँदा माथी उल्लेखित सवारी साधन दर्ता शुल्कको दोब्बर शुल्क लिई सिफारिस प्रदान गरिनेछ।

क) एम्बुलेन्स प्रयोग वापतको शुल्कः

| क्र.सं. | देखि | सम्म | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | काठमाडौं | बिराटनगर | धरान | ईटहरी | कटारी | दिक्तेल | ओखलढुङ्गा |
| १ | कुभिण्डे | १८००० | १८००० | १७००० | १७००० | १५००० | ३००० | ९००० |
| २ | खार्पा | १८००० | १८००० | १७००० | १७००० | १५००० | ३००० | ९००० |
| ३ | लामिडाँडा | १८००० | १८००० | १७००० | १७००० | १५००० | ३००० | ९००० |
| ४ | डुम्रेधारापानी | १८५०० | १८५०० | १७५०० | १७५०० | १५५०० | ३५०० | ९५०० |
| ५ | दुबेकोल | १८५०० | १८५०० | १७५०० | १७५०० | १५५०० | ३५०० | ९५०० |
| ६ | हौंचुर | १८००० | १८००० | १७००० | १७००० | १५००० | ३००० | ९००० |

रावा बेसी गाउँपालिका

## २. ढुङ्गा, गिट्टि, बालुवा उत्खनन् शुल्क

| क्र.सं. | विवरण | प्रति ट्रिप | शुल्क |
|---|---|---|---|
| १. | ढुङ्गा, गिट्टी, बालुवा | (ट्याक्टर) | ७००। |
| २. | ढुङ्गा, गिट्टी, बालुवा | (टिपर सानो) | १५००। |
| ३. | ढुङ्गा, गिट्टी, बालुवा | (टिपर ठूलो) | २०००। |

**नोटः**

१. सवारी साधन करमा प्राकृतिक प्रकोप तथा आपत्कालिन अवस्थामा उल्लेखित अवस्था लागू हुने छैन्।

२. ढुङ्गा, गिट्टि, बालुवाको उत्खनन् दर आवश्यकता अनुसार कार्यपालिकाले निर्धारण गरे बमोजिम हुनेछ।

## अनुसूची १२

## मनोरन्जन करः

| क्र.सं. | विवरण | | शुल्क | कैफियत |
|---|---|---|---|---|
| १ | मनोरञ्जन कर (मेलामा लगाई कर) | ठूला पसल | २००। | |
| | | साना पसल | १००। | |
| | | ठूला होटल | ५००। | |
| | | साना होटल | २००। | |
| | | मनोञ्जन,खेलकुद,चटक,फिल्म | २००। | |

## अनुसूची १३

## पशु निकासी शुल्कः

| क्र.सं. | विवरण | प्रति गोटा शुल्क | कैफियत |
|---|---|---|---|
| १ | भैसि/ राँगा | १००। | |
| २ | गाई/गोरु | १००। | |
| ३ | बोका/बाखा/सुगुर | १००। | |
| ४ | पंक्षी जन्य | ३०। | |

## अनुसूची १४

## सामान्य सिफारस शुल्क तथा दस्तुरहरुः

| क्र.सं. | शिर्षक | विषय | दस्तुर शुल्क |
|---|---|---|---|
| १ | सेवा शुल्क, दस्तुरः | निवेदन दस्तुर | १०। |
| | | नागरिकता सिफारिस फारम दस्तुर/ नावालक परिचयपत्र समेत | १००। |
| | | नागरिकता प्रतिलिपि सिफारिस फारम दस्तुर/ नावालक परिचयपत्र समेत | २००। |
| | | अंगिकृत नागरिकता सिफारिस फारम | १००० |
| | | सामान्य सिफरिस | १००। |
| | | सामाजिक सुरक्षा भत्ता सिफरिस/अपाङ्गता सिफारिस | निःशुल्क |
| | | स्वास्थ्य उपचारको सिफारिस (निःशुल्कको लागी) | निःशुल्क |
| | | दुवै नाम गरेको व्यक्ति एकै हो भन्ने | १००। |
| | | सर्जमिन मुचुल्का | ५००। |
| | | अंग्रेजी प्रमाणीत सिफारिस (प्रति सिफारिस) | ५००। |
| | | नाता, जन्म प्रमाणित सिफारिस | २००। |
| | | खानेपानी विद्युत टेलिफोन जडान सिफारिस (आवासिय) | २००। |
| | | खानेपानी विद्युत टेलिफोन जडान सिफारिस (व्यवसायिक) | ३००। |
| | | व्यक्तिगत घटना दर्ता बिलम्ब शुल्क (पञ्जिकरण समेत, ३५ दिन भित्र निशुल्क)३५ दिन नाघेको दर्ता शुल्क | २००। |
| | | व्यक्तिगत घटना दर्ता (पञ्जिकरण समेत) प्रतिलिपी दस्तुर | ५००। |
| | | जन्म मिति/बिबाह/मृत्यू,बसाईसराई प्रमाणित दस्तुर | ३००। |
| | | ठेगाना परिवर्तन प्रमाणित | २०० |
| | | जग्गा नामसारी रजिष्ट्रशन,दाखिला खारेज, सिफारिस | २००। |
| | | खानी दर्ता सिफारिस | ५०००। |
| | | खानेपानी मुहान दर्ता सिफारिस | ५००। |
| | | सिंचाई मुहान दर्ता सिफारिस | ५००। |
| | | स्थानिय समुह दर्ता दस्तुर | ५००। |
| | | स्थानिय समुह नबिकरण दर्ता दस्तुर | ३००। |
| | | चार किल्ला प्रमाणित दस्तुर | २००। |
| | | घर वाटो प्रमाणित दस्तुर (नछोएको) | ३००। |
| | | घर वाटो प्रमाणित दस्तुर (छोएको) | ५००। |
| | | जग्गा सम्बिन्ध –अंशबण्डा नामसारी (३ पुस्ता भित्रको) | २००। |

| | | | | |
|---|---|---|---|---|
| | | जग्गा सम्बिन्ध –अंशबण्डा नामसारी (३ पुस्ता बढिको) | | ५००। |
| | | घर पाताल/घर कायम सिफारिस दस्तुर | | ५००। |
| | | न्यायिक समिती निबेदन दस्तुर | | २००। |
| | | संथागत समुह तथा सहकारी का लागी सामान्य सिफारिस | | ५००। |
| | | अस्थायी बसोबास प्रमाणित | | ५००। |
| | | जग्गा दर्ता सिफारिस (प्रति रोपनी ) | | १०००। |
| | | पुर्जा हराएको सिफारिस, रसिद प्रतिलिपी दस्तुर | | १००। |
| | | शिक्षक कर्मचारी सरुवा सहमती दस्तुर | | १५००। |
| | | बिद्यालय सञ्चालन/कक्षा बृद्धि सिफारिस | | ३०००। |
| | | विपन्न विद्यार्थी छात्रवृती सिफारिस | | निःशुल्क |
| | | योजना सम्झौता सिफारिस ( प्रति लाखको ) | | १००। |
| | | ब्यक्तिगत संरक्षक सिफारिस | | १००। |
| | | हकवाला प्रमाणित | | २००। |
| | | दरपिठ ( सक्कल प्रमाण मा गरिने ) दस्तुर | | २००। |
| | | लेनदेन (नगदि, जिन्सि वा अन्य) लिखत प्रमाणित दस्तुर | रु १ लाख सम्म बिगो/लिखत | १००। |
| | | | रु ५लाख सम्म बिगो/लिखत | २००। |
| | | | १० लाख सम्म बिगो/लिखत | ५००। |
| | | | १०लाख माथी जतिसुकै बिगो | १०००। |
| | | नक्सा पास नँया (RCC) किताब | | १०००। |
| | | पुरानो घर अभिलेखिकरण किताब | | ५००। |

गाउँ पाश्वचित्र आवधिक योजना वार्षिक योजना जस्ता प्रकाशित पुस्तिका खरिद-प्रकाशनको बेला मूल्य निर्धारण गरी सोही बमोजिम गरी लागु गरिने छ ।

## अनुसूची १५

## सम्पत्ति मुल्याङ्कन शुल्कः

| क्र.सं. | विवरण | | दस्तुर | कैफियत |
|---|---|---|---|---|
| १ | घर जग्गा मुल्याङ्कन सिफारिस | १०लाख सम्म | ५००। | विद्यार्थी अध्यनको हकमा ५०% कम हुनेछ । तर ५००/- भन्दा कम हुने छैन । |
| | | १० लाख माथी ५० लाख सम्म | १०००। | |
| | | ५० लाख माथी १ करोड सम्म | २०००। | |
| | | १ करोड माथी | ५०००। | |
| २ | | कर चुक्ता सिफारिस | ५००। | |

| | | | | |
|---|---|---|---|---|
| ३ | आम्दानी प्रमाणीत | नियमित कर चुक्ता भएको हकमा(प्रति पाँच लाख) | १०००। | |
| | | **स्वघोषणा प्रमाणित दस्तुर**(वन पैदावर (काठ/मुडा समेत), तथा कृषिजन्य वस्तुको वार्षिक आम्दानी ) | क) वार्षिक आय २० लाख सम्म स्वघोषणा रकमको प्रमाणित दस्तुर ०.३ प्रतिशत<br>ख) वार्षिक आय २० लाख माथी स्वघोषणा रकमको थप रकम माप्रमाणित दस्तुर ०.५ प्रतिशत | |

**नोटः** वैदेशिक अध्ययनको लागी विदेशी विश्वविद्यालयमा अध्ययनको लागी एकपटकको सिफारिसको लागी ऐन अनुसारको पूर्ण शुल्क लाग्नेछ। तर एक वर्ष भित्र पटक पटक एउटै कन्सलटेन्टबाट एउटै देशको सोही विश्वविद्यालयमा अध्ययनको लागी सिफारिस बनाउदा रु. ५००। लाग्नेछ।

## अनुसूची १६

## खरिद तथा बोलपत्र सम्बन्धी कागजातको दस्तुरः

| | | | |
|---|---|---|---|
| ठेक्का पट्टा सिफारिस | रू २० लाख सम्मको | १०००। | |
| | रू २० लाख देखि २ करोड सम्मको | ३०००। | |
| | रू २ करोड देखि १० करोड सम्मको | ५०००। | |
| | रू १० करोड देखि २५ करोड सम्मको | १०००० | |
| | रू २५ करोडभन्दा माथिको | २०००० | |

रावा बेसी गाउँपालिका

## अनुसूची १७

## घर नक्सा तथा घर बहाल कर:

| १.क ख र ग वर्गका भवनहरुको लागी गाउँपालिकाले लिने दस्तुर | | | | |
|---|---|---|---|---|
| भवनकोकिसिम | प्रयोजन (प्रति वर्ग फिट) | | | |
| | आवासीय | औद्योगिक व्यापारीक भवन | सहकारी | संस्थागत |
| क वर्गका भवनहरु | ८ | १२ | १२ | १० |
| ख वर्गका भवनहरु | ६ | १० | १० | ८ |
| ग वर्गका भवनहरु | ४ | ८ | ८ | ६ |
| **२.घ वर्गका भवनहरुको लागी गाउँपालिकाले लिनेदस्तुर** | | | | |
| भवनकोकिसिम | प्रयोजन प्रयोजन (प्रति वर्ग फिट) | | | |
| | आवासीय | औद्योगिक व्यापारीक भवन | सहकारी | संस्थागत |
| घ वर्गका भवनहरु | २ | ३ | ३ | ५ |

| ३.विनियमलागु हुनु अघि निर्माण सम्पन्न भई सकेका भवनहरुको यथास्थिती अभिलेखिकरण नक्सापास दस्तुर (भवन आचार संहिता २०५५ अनुसार वर्गीकृत भवनहरुको आधारमा) | | | | |
|---|---|---|---|---|
| भवनकोकिसिम | प्रयोजन प्रयोजन (प्रति वर्ग फिट) | | | |
| | आवासीय | | आवासीय | |
| क वर्गका भवनहरु | ६ | १० | १० | ८ |
| ख वर्गका भवनहरु | ४ | ८ | ८ | ६ |
| ग वर्गका भवनहरु | २ | ६ | ६ | ४ |
| घ वर्गका भवनहरु | २ | ३ | ३ | ४ |

## ३. घर बहाल कर

| क्र.सं. | शिर्षक | शुल्क |
|---|---|---|
| १ | घर वहाल कर | १०% |

बहालमादिएकोमितिलाईत्रैमासिक,अर्ध वार्षिक वा वार्षिक अवधिलाई आधार लिई बहाल कर बुझाउनु पर्नेछ। तर छोटो अवधिको लागि वहालमा लिएको अवस्थामा सोही बमोजिम दिनरमहिना गन्ती गरी वहाल कर बुझाउँनु पर्नेछ।

क) बस्ती तथा बजार क्षेत्रको आधारमा रावा बेसी गाउँपालिकाकोगाउँ कार्यपालिकाले न्यूनतम बहाल दर तोक्न सक्नेछ।

ख) रावा बेसी गाउँपालिकाकोगाउँ कार्यपालिकाले निर्धारण गरेको कार्यविधि अनुसार करदाताले स्वंय घोषणा गरेको वा संम्झौतपत्रमा उल्लेख भएको आधारमा बहाल कर निर्धारण गरिनेछ।

ग) कम्पनी, संघ संस्था वा कुनै प्रकारको व्यवसायिक फर्मको हकमा बहाल कर बुझाउने बखत त्यस्ता करदाताहरुको लेखापरीक्षण प्रतिवेदन समेत पेश गर्नु पर्नेछ।

रावा बेसी गाउँपालिका

# अनुसूची १८

## १. पालिकाबाट दिएका थप सेवा सम्बन्धी दरहरु (अस्पताल)

### (क) ल्याव सम्बन्धी

| S.N. | Test Name | Rate | | S.N. | Test Name | Rate |
|---|---|---|---|---|---|---|
| 1 | Haemoglobin | 60 | | 24 | S. Uric acid | 160 |
| 2 | Total Count | 60 | | 25 | S.Bilirubin | 160 |
| 3 | Differential Count | 60 | | 26 | Semen Analysis | 200 |
| 4 | ESR | 60 | | 27 | Urine R/E | 60 |
| 5 | Platelets Gount | 60 | | 28 | Stool R/E | 60 |
| 6 | RBC Count | 60 | | 29 | Occult Blood Test | 150 |
| 7 | PCV | 60 | | 30 | Montux Test | 100 |
| 8 | CRP | 250 | | 31 | WIDAL Test | 100 |
| 9 | Blood Group | 60 | | 32 | Sperm AFB | free |
| 10 | MP/MF Slide | 200 | | 33 | H.Pylori Test | 360 |
| 11 | BT | 60 | | 34 | LFT | 900 |
| 12 | CT | 60 | | 35 | Ast/Alt | 250 |
| 13 | PT | 60 | | 36 | ALP | 300 |
| 14 | RA factor | 200 | | 37 | S.Albumin | 200 |
| 15 | ASO Titre | 200 | | 38 | Lipid Profile | 800 |
| 16 | Hbsag | 360 | | 39 | LDL | 250 |
| 17 | HIV | 360 | | 40 | VLDL | 250 |
| 18 | HCV | 360 | | 41 | HDL | 250 |
| 19 | Vdrl | 100 | | 42 | Total Cholesterol | 250 |
| 20 | Blood Sugar R | 100 | | 43 | TG | 250 |
| 21 | Blood Sugar F/PP | 150 | | 44 | UPT | 100 |
| 22 | Urea | 160 | | 45 | T. Protein | 250 |
| 23 | S. Creatinine | 160 | | | | |

### (ख) Video X-Ray

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १ | Whole Abdomen | 400 | | २ | Other Parts | 600 |

गर्भवती जाँच (ANC)निःशुल्क हुनेछ ।

### (ग) X-Ray

| | | | | | | |
|---|---|---|---|---|---|---|
| 1 | Chest | 200 | | 2 | Other Parts | 300 |

### (घ) आकस्मिक सेवा शुल्क

| | | |
|---|---|---|
| १ | कार्यालय समय (९:००-५:००) भन्दा बाहिर Emergency Ticket | 20 |
| 2 | बेड भर्ना शुल्क प्रति दिन | 50 |

| २. पालिकाबाट दिएका थप सेवा सम्बन्धी दरहरु (अन्य सेवा) | | | | |
|---|---|---|---|---|
| १ | पालिकाको ब्याक हो लोडर | २७००। | प्रति घण्टा | ईन्धन समेत । पालिकाको वार्षिक योजनाका लागी । |
| | | ३०००। | प्रति घण्टा | ईन्धन समेत अन्य योजना वा व्यक्तिका लागी । |
| | | १५००। | प्रति घण्टा | ईन्धन बाहेक. पालिकाको वार्षिक योजनाका लागी । |
| | | १८००। | प्रति घण्टा | ईन्धन बाहेक अन्य योजना वा व्यक्तिका लागी |
| २ | ट्याक्टर | ८०००। | प्रति दिन | ईन्धन समेत । पालिकाको वार्षिक योजनाका लागी । |
| | | ८५००। | प्रति दिन | ईन्धन समेत अन्य योजना वा व्यक्तिका लागी । |
| | | ८००। | प्रति घण्टा | ईन्धन समेत । पालिकाको वार्षिक योजनाका लागी । |
| | | ९००। | प्रति घण्टा | ईन्धन समेत अन्य योजना वा व्यक्तिका लागी । |
| लोडर चालकलाई प्रतिघण्टा रु १००। उपभोक्ता स्वयंले व्यहोर्नु पर्नेछ । | | | | |
| सामान लोड अनलोड ग्राहक स्वयंले व्यवस्था गर्नुपर्ने छ । लामो समयका लागी भाडामा लिन दिन कार्यपालिका बाट स्विकृत दररेट मा सम्झौता गरी भाडामा प्रयोग गर्न दिन सकिने छ । | | | | |

## ४. हल भाडा सम्बन्धी दर

| क्र.सं. | विवरण | शुल्क | कैफियत |
|---|---|---|---|
| १. | सभा हल | २०००। | प्रति दिन |

# अनुसूची १९

## दण्ड जरिवाना:

| क्र.सं. | विवरण | शुल्क | कैफियत |
|---|---|---|---|
| १ | गाउँपालिका घोषणा हुनुपूर्व बनेका संरचनाको हकमा नक्शापास सम्बन्धि | ५० प्रतिशत | |
| २ | नक्शापास नगरी चर लेवल सम्म भौतिक संरचना निर्माण गरेमा | ३० प्रतिशत | (थप जरिवाना) |
| ३ | नक्शापास नगरी चर भन्दा माथि सम्म भौतिक संरचना निर्माण गरेमा | ६० प्रतिशत | (थप जरिवाना) |
| ४ | नक्शापास नगरी घर तथा भौतिक निर्माणसम्पन्न गरेमा | १०० प्रतिशत | (थप जरिवाना) |
| ५ | निश्चीत तल्ला वा निश्चित डिजाइनको अनुमति लिई सो भन्दा बढि वा फरक घर निर्माण गरेमा | ७० प्रतिशत | (थप जरिवाना) |
| ६ | घर निर्माण गर्दा सडकमा जथाभावी निर्माण सामाग्री थुपार्नेको हकमा | १००० देखि १५००० सम्म | |
| ७ | निषेधित क्षेत्रमा फोहोर फाल्नेको हकमा | १००० देखि १५००० सम्म | |
| ८ | जथाभावी चौपाय छोड्नेको हकमा | प्रतिदिन १०० देखि ५०० सम्म | |
| ९ | व्यावसायको हकमा | १० प्रतिशत | |
| १० | सार्वजनिक सडकमा लकडि लगायत अन्य सामाग्र्ी राखेमा | २०००। प्रत्येक पटक | |
| ११ | कानुनले निषेध गरीरहेको कार्य गरेमा | तोकिएको रकमको १००% थप रकम | |

घर नक्शाको हकमा दण्ड जरिवाना कायम गर्दा निरीक्षणमा भएको कर्मचारीको रोहवरमा नक्शा तयार गर्ने कन्सल्टेन्सीलाई साक्षी राखि घरधनीको समेत सहभागितामा गा.पा. कर्मचारीले उठाएको टिप्पणीमा तीन पक्षीय हस्ताक्षरको साथै कम्तीमा एकातर्फको संधियारले हस्ताक्षर गर्ने ।

रावा बेसी गाउँपालिका

**प्रतिवेदक राजश्व परामर्श समिति रावा बेसी गाउँपालिका**

| | |
|---|---|
| कौशिलाकुमारी गुरूङ | गाउँपालिका उपाध्यक्ष(संयोजक) |
| राजेश दाहाल | प्रमुख प्रशासकीय अधिकृत(सदस्य) |
| सिर्जना राई | महिला सदस्य (सदस्य) |
| डोलराज बस्नेत | कार्यापालिका सदस्य (सदस्य) |
| गोविन्दबहादुर भुजेल | सदस्य |
| मन कुमारगुरुङ | सदस्य |
| गिरबहादुर मगर | राजश्वशाखा प्रमुख (सदस्य सचिव) |

रावा बेसी गाउँपालिका

**निष्कर्षः**

माथी उल्लेखित करका सम्भावित क्षेत्रहरूमा उपरोक्त करका दरहरु लागू गर्दा आगामी आर्थिक वर्ष २०८३।०८४ मा यस गाउँपालिकामा रु. ४७६५०००।( अक्षेरुपी रू. सढ्चालिस लाख पैसठ्ठी हजार मात्र ) राजश्व संकलन हुने प्रक्षेपण गरिएको छ।

**सुझावहरुः**

गाउँपालिकाको स्थानिय आय वृद्दि गर्ने मुख्य स्रोतको रुपमा कर, दस्तुर तथा सेवा शुल्क नै रहेका हुन्छन्।यस गाउँपालिकाको आय वृद्दि गर्न तथा राजश्वको परिचालन वृद्दि गर्नको लागी देहाय बमोजिमका सुझावहरू प्रस्तुत गरिएको छ।

(क) निर्धारित राजश्वका दायरा भित्र सम्बन्धित सबै पक्षलाई ल्याउन कार्यापालिकाले विशेष भुमिका खेल्नुपर्ने,

(ख) लक्ष्य अनुरुप राजश्व संकलन गर्नका लागी तत्कालै नियमित अनुगमनमा जोड दिने तथा राजश्व आम्दानी भए नभएको समिक्षा प्रत्येक महिना गर्नुपर्ने,

(ग)राजश्व प्रशासनमा सूचना प्रविधिको प्रयोगलाई जोड दिनुपर्ने,

(घ)पालिकामा रहेका सामुदायिक वन तथा वनपैदावर सम्बन्धि अभिलेख संकलन गरी सामुदायिक वन पैदावर बिक्री तथा उपभोग मार्फत करको दायरामा ल्याउनुपर्ने,

(ङ)राजश्वका थप क्षेत्रहरु पहिचान गर्न सम्भाव्यता अध्ययन गर्नुपर्ने,

(च)प्रत्येक वर्षको साउन महिना भित्र सबै पक्षलाई करको दायरा भित्र ल्याइसक्नुपर्ने,

(छ) प्रत्येक करका क्षेत्रमा रहेका सम्भावित करदाता र सम्भाव्य कर असुलीको विवरण अद्यावधिक गरी करदाता शिक्षा अभियान सञ्चालन गर्न प्रत्येक वडामा अभिमुखिकरण कार्यक्रम सञ्चालन गर्नुपर्ने,

(ज)गाउँपालिका भएर बग्ने खोला क्षेत्रमा ढुंगा, गिट्टि, बालुवाको दिगो उत्खनन्/संकलन कार्यका लागि Initial Environmental Examination (IEE) को प्रतिवेदनले स्वीकृत गरे बमोजिमको कार्य गरी राजश्व संकलन गर्नुपर्ने,

(झ)राजश्व चुहावटलाई नियन्त्रण गर्ने तथा कर प्रशासनलाई व्यवस्थित गर्दै कडाईका साथ कार्यान्वयन गर्नुपर्ने।

**संशोधन प्रमाणिकरण मितिः २०८३।०३।०७**

रावा बेसी गाउँपालिका